स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रिश्मा गुरुङलाई वास्तविक नामले भन्दा दर्शकले 'कबड्डी'की 'मैयाँ'को रुपमा बढी चिन्छिन्। 'कबड्डी'का दुई श्रृंखलामा उनले 'मैयाँ' को भूमिका निभाएकी थिइन्। यी दुई फिल्मको सफलतापछि करिअरको उत्कर्षमा पुगेकी उनले यसपछि तीनवटा फिल्ममा मात्र काम गरिन्। २०७७ सालमा 'क्रसरोड्स-कथा तिम्रो मेरो' मा अभिनय गरेपछि उनले फिल्मबाटै दूरी बनाएकी थिइन्।

**आजको विचार...**



देशको...
(दुई पेजमा)

सुरवीर सी

भदौको ६ गतेबाट प्रदर्शनमा आएको फिल्म 'माग्ने राजा'ले बक्स अफिसमा सुखद कमाई गरिरहेको छ। फिल्मले रिलिजको १२ औं दिनसम्म आइपुग्दा बक्स अफिसमा ४ करोड माथिको व्यापार गरेको हो। फिल्मको चलचित्र विकास बोर्डको बक्सअफिसमा ४ करोड ९ लाख ग्रस गरेको देखाएको छ। 'विकास बोर्डको बक्स अफिसमा व्यावसायिक आँकडा किन मिल्दैन त्यो म भन्न सक्दिन', वितरक क`लले भने 'फिल्मले ४ करोड ६१ लाख ग्रस कलेक्सन गरेको छ।'



❒ वर्ष ३१ ❒ अंक ४९ ❒ २०८२ भदौ १९ गते बिहीबार 4 September 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रिडीमा इलाका प्रशासन राख्न सरोकारवाला सहमत

**हाम्रा संवाददाता**

**गुल्मी,** भदौं १८/इलाका प्रशासन कार्यालय रिडीमा राख्न सरोकारवाला निकायहरु सहमत भएका छन् । गुल्मीको सुदुरपूर्वका नागरिकहरुका लागि इलाका प्रशासन कार्यालय राख्नुपर्ने माग हुँदै आए पनि लामो समयदेखि कहाँ राख्ने भन्ने विषयमै विवाद हुँदै आएको थियो । बुधबार रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीको अध्यक्षतामा रिडीमा बसेको सरोकारवालाहरुको बैंठकले रुरुक्षेत्र गाउँपालिका-१ रिडीमा इलाका प्रशासन कार्यालय राख्ने सर्वसम्मत निर्णय गरेको हो ।

बैंठकले कालीगण्डकी, सत्यवती, रुरुक्षेत्र, चन्द्रकोट, छत्रकोट र गुल्मी दरवार क्षेत्रलाई पायक पर्ने स्थान रिडी नै उपयुक्त रहेको भन्दै रुरु प्राथामिक स्वास्थ्य केन्द्रको भवनबाट



इलाका प्रशासन कार्यालय सञ्चालनका लागि जिल्ला सुरक्षा समिति गुल्मीमा सिफारिस गर्ने निर्णय गरेको छ । रिडी बजार भूगोल, सेवा सुविधा र जनघनत्वका हिसावले अत्यन्तै महत्वपूर्ण हुने रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले बताए । ज्ञवाली भन्छन् "इलाका प्रशासन स्थापनाको विषयलाई जिल्ला सुरक्षा समिति र सबै मिलेर अगाडि बढाउनु पर्ने अवस्था छ । किन कि भवन लगायतका संरचनाहरु सबै यही बनेका छन् । त्यो खर्च लाग्दैन् ।" जिल्लाकै पुरानो बजार , इलाका प्रहरी कार्यालय, १५ शैयाको अस्पताल, क्याम्पस, होटल तथा लजको सुविधा सहित सरकारी भवनबाटै इलाका प्रशासन कार्यालय सञ्चालन गर्न सकिने उनको भनाई छ । कालीगण्डकी, सत्यवती, रुरुक्षेत्र, चन्द्रकोट, छत्रकोट र गुल्मी दरवार क्षेत्रलाई पायक पर्ने गरी इलाका प्रशासन कार्यालय नहुँदा यहाँका हजारौं सर्वसाधारणले सास्ती खेप्नुपरेको छ । इलाका प्रशासन नहुँदा नागरिकता, राहदानी र अन्य सिफारिस बनाउन चारदेखि सात घण्टा लगाएर ८० किलोमिटर टाढा सदरमुकाम तम्घास धाउनुपर्ने बाध्यता यहाँका नागरिकलाई छ । संघीयताको मर्म र भावनाअनुरूप एकीकृत तथा विकेन्द्रीकृत सेवा प्रवाह गर्ने राज्यको नीति भए पनि स्थानीय तहमा रहने गरी इलाका प्रशासन कार्यालय नहुँदा जनताले सास्ती व्यहोर्नुपरेको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदवहादुर थापाले बताए । उनले भने "राज्यले जनताका समस्याहरु समाधान गर्ने र सेवा दिने कार्यालय पायक पर्ने ठाउँमा हुनुपर्छ । इलाका प्रशासन कार्यालय स्थापना अनिवार्य छ भन्ने महशुस गरी हामीहरुले रुरुक्षेत्रको रिडी बजारमा राख्न उपयुक्त हुने गरी यस अघि नै सिफारिस गरेका थियौं ।" अध्यक्ष थापाले यो काम छिट्नै हुनुपर्ने बताए ।

## सक्षिप्त समाचार

### आत्मघाती विस्फोट १३ को मृत्यु

**(रासस/एपी)**

**पाकिस्तान,** भदौ १८/मंगलबार राति विद्रोह प्रभावित दक्षिणपश्चिम पाकिस्तानमा एक राष्ट्रवादी पार्टीका समर्थकहरू र्‍यालीबाट बाहिरिँदै गर्दा स्टेडियम बाहिर आत्मघाती आक्रमणकारीले विस्फोट गराउँदा कम्तीमा १३ जनाको मृत्यु भएको र ३० जना घाइते भएको प्रहरी तथा अस्पताल अधिकारीहरूले बुधबार जानकारी दिएका छन् । स्थानीय प्रहरी प्रमुख मजीद कैसरानीका अनुसार बलुचिस्तान प्रान्तको राजधानी क्वेटाको बाहिरी क्षेत्रमा चिहान नजिकै विस्फोट भएको हो । उनले आक्रमणकारीको शरीरका अङ्गहरू घटनास्थलबाट बरामद गरिएको बताए । सरकारी अस्पतालका प्रवक्ता वसीम बेगले १३ जनाको शव र दर्जनौं घाइतेहरू अस्पताल भर्ना भएको उल्लेख गर्दै तीमध्ये केहीको अवस्था गम्भीर रहेको जानकारी दिए । यस आक्रमणको जिम्मेवारी अहिलेसम्म कुनै समूहले दाबी गरेको छैन । घटनामा बलुचिस्तान नेसनल पार्टीका नेता अख्तर मेङ्गल सुरक्षित रहेका छन्, तर उनका केही समर्थकहरू मारिन पुगेका वा घाइते भएका वरिष्ठ प्रहरी अधिकारी उसामा अमीनले बताए ।

## प्राथमिक उपचार

**उद्देश्य:**

-जीवन बचाउनु,
-दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
-अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

**कस्तो अवस्थामा के गर्ने:**

-सफा कपडाले रगत बग्नबाट रोक्ने,
-पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
-अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
-हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## जब विद्यार्थीले अपहरणमा परेको बहाना बनाए...

**हुमाकान्त पोखरेल/रासस**

**तम्घास,** भदौ १८/मंगलबार बिहान करिब १०:३० बजे मदाने गाउँपालिका-६ स्थित पृथ्वी माविका शिक्षक देविराम भुसाललाई स्थानीयले फोन गर्दै भने, "तपाइँहरूका विद्यार्थी बाटोमा छन्, केही विद्यार्थी अपहरणमा परेका छन् । आफ्ना विद्यार्थीको ख्याल गर्नुपर्दैन ?" त्यतिबेला विद्यालयमा मिटिङ चलिरहेको थियो । शिक्षक भुसालले यो विषय मिटिङमा जानकारी गराए । त्यसपछि विद्यालयका चार जना शिक्षक घटना भएको भनिएको ठाउँ कंकेदेउराली नजिकै पुगे । शिक्षकले कक्षा ५ सम्म पढ्ने सात जना विद्यार्थी रुने, काम्ने, डराउने जस्तो अवस्थामा देखे ।

विद्यार्थीले आफूहरूसँगै आएका एक जना साथीलाई मोटरसाइकलमा आएका व्यक्तिले अपरहरण गरेको बताए । त्यसपछि शिक्षकहरूले विद्यालयका सबै शिक्षक बोलाए । शिक्षक घटनास्थलमा



पुग्दा पनि विद्यार्थीहरू रुने, काम्ने तथा डराउने गरिरहेका थिए । त्यसै विद्यालयका कक्षा ४ मा पढ्ने विद्यार्थी अपहरणमा परेको कुरा अन्य विद्यार्थीले बताएपछि सबै मिलेर विद्यार्थीको खोजीमा लागे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जनप्रतिनिधि जिम्मेवार बन्न जरुरी

जनता आफैले निर्वाचित गरेका जनप्रतिनिधि आफ्ना नजिकका गुनासो सुन्ने र सहयोग गर्ने व्यक्तिहरु हुन् भन्ने आम नागरिकमा बुझाइ छ । स्थानीय वडा र पालिकाबाट बिनाझन्झट छिटोछरितो सेवा प्रवाह प्राप्त भएको महसुस नागरिकले गर्न चाहन्छन् । विकास निर्माणका क्षेत्रमा त झनै चासो र अपेक्षा राख्छन् । त्यो स्वभाविक नै हो । तर जनताप्रति साँच्चै उनीहरु उत्तरदायी छन् / छैनन् भन्ने कुरा महत्वपूर्ण हो । यद्यपी अधिकांस जनप्रतिनिधिले जनताप्रति उत्तरदायी हुन सकिरहेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । ओरालो लागिरहेको आर्थिक गतिविधि, रोजगारी अभावमा भौँतारिइरहेका युवा, संकटोन्मुख मनसुन, मल अभाव र कृषि उत्पादनले मूल्य नपाउनु जस्ता नागरिकले प्रत्येक दिन झेल्नुपर्ने समस्याप्रति जनप्रतिनिधि बेखबर छन् ।

जनताका समस्यामा जनप्रतिनिधि गम्भीर हुनुपथ्र्यो । तर त्यसो हुन सकिरहेको छैन । यो आफैमा विडम्वनाको कुरा हो । पूर्ण लोकतान्त्रिक युगको ढोका खोल्ने ऐतिहासिक अवसर जनताले दिएका छन् । त्यसको सही सदुपयोग गर्ने अभिभारा स्थानीय जनप्रतिनिधिकै हो । तर, निर्वाचित भएको छोटो समयमा नै कतिपय स्थानीय तहमा भ्रष्टाचार बढेको, कतिपय जनप्रतिनिधि अख्तियारद्वारा आर्थिक लेनदेनमा रंगेहात पक्राउ परेका तथा कतिपय पालिकामा बढ्दो आर्थिक अनियमितताको कारण जनतामा निराशा छाएको छ । जनताले चाहेको शक्तिशाली स्थानीय सरकारका जनप्रतिनिधिको उपलब्धि यो स्तरको कमजोर हुने कुरा कसैले पनि कल्पना गरेका थिएन । तर, पछिल्लो समय यस्तै भइदिएको छ । जनप्रतिनिधि जिम्मेवार नहुँदा नागरिकको आशा र भरोसा पनि टुटेको छ । जनतालाई अब भरोसा दिलाउन आवश्यक छ । त्यसका लागि यो गलत अभ्यासबाट पाठ सिक्दै अब सकरात्मक दिशातर्फ बाटो समाई जिम्मेवारी बहन गर्नु हरेक जनप्रतिनिधिको पहिलो कर्तव्य हो । यसतर्फ जनप्रतिनिधिले विशेष ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

पैसा ठुलो होइन भन्छन्
तर भाग्यलाई समेत बदल्ने चिज पैसा नै हो ।
*(पितम ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Pitam.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशको निकास र विकासका लागि नयाँ राजनीतिक केन्द्र



सुरवीर सी

*नेपालमा कम्युनिस्ट पार्टीहरु दुई धारमा विभाजित छन् । विद्यमान संसदीय व्यवस्थालाई नै आफ्नो मुख्य राजनीतिक मार्गचित्र मान्ने धार, जसको नेतृत्व केपी ओली, प्रचण्ड र माधव नेपालहरुले गरिरहेका छन् । त्यसको मूल चरित्रबारे माथि नै चर्चा गरियो । अर्को विद्यमान संसदीय व्यवस्थाबाट आजको समस्याको निकास र समाधान सम्भव छैन भन्ने निष्कर्ष निकाली समाजवादी यात्रामा लामबद्ध विप्लव लगायत केही साना कम्युनिस्ट पार्टीको नेतृत्व गरिरहेको धार हो । विशेषगरी यो आलेखमा चर्चा र व्याख्या गर्न खोजिएको विषयमा प्रवेश गरौँ । गत साउन ६ गते राष्ट्रिय सभागृहमा ४७ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भमा 'स्कुल अफ मार्क्सिज्म'ले आयोजना गरेको वर्तमान राजनीति र कम्युनिस्ट आन्दोलन विषयक कार्यक्रममा युवाजमातको बाक्लो उपस्थिति थियो । सम्भवत: निकै समयपछि क्रान्तिकारी युवाहरुको जोसिलो र उत्साहपूर्ण उपस्थिति भएको कार्यक्रम थियो त्यो । त्यसको कारण थियो, उक्त कार्यक्रममा वक्ताको रुपमा उपस्थित नेकपाका महासचिव विप्लव, नेकपा एकृकृत समाजवादीका महासचिव घनश्याम भुसाल र नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा । यी तीनै जना नेता आजको नेपालको कम्युनिस्ट आन्दोलनमा चर्चाको शिखरमा छन् । कार्यक्रममा पहिलो वक्ताको रुपमा बोलेका जनार्दन शर्माले आफ्नै पार्टी अध्यक्ष प्रचण्डबाट अबको माओवादी आन्दोलनको उपलब्धिको रक्षा असम्भव रहेकाले नेतृत्व युवापुस्ताले लिनुपर्ने उद्घोष गरे ।*

नेपालमा मुख्य राजनीतिक दल र तिनका नेताहरुबाट निकास र विकास सम्भव छैन भन्ने आम नागरिकले बुझिसकेका छन् । त्यही पनि जनता उही नेताको पछि किन लागिरहेका छन् ? यो प्रश्नको जवाफ खोज्ने बेला भएको छ । यसको जवाफ कसले खोज्ने र दिने भन्ने गोलचक्करमा देश निस्सासिएको छ । आजको दिनमा निश्चित रुपमा हामीले यसको सही जवाफ र निकासको बाटो दिने बेला भएको छ । नेपालमा जनता मात्र होइन, राजनीतिक दलको नेतृत्व नै यो व्यवस्थाबाट सम्भव छैन भन्ने बुझाइमा पुगेको छ । नेताले पनि यो व्यवस्थाबाट पार लाग्दैन भन्ने उही व्यवस्थालाई नै टिकाउनतिर लाग्ने, जनता पनि यो व्यवस्था, नेतृत्व र पार्टीबाट हुँदैन भन्ने, तर उही नेता र पार्टीको पछि लाग्ने विचित्रको परिवेश नेपालमा सिर्जना भएको छ । यो अवस्था कहिलेसम्म रहने हो भन्ने बहस थोरै सचेत वृत्तमा सुरु भएको छ । प्रजातान्त्रिक भनिने र लोकतन्त्रको मसिया ठान्ने नेपाली कांग्रेसमा उमेरलाई आधार मानेर मूल नेतृत्व परिवर्तन गरेर समस्याको हल गर्नुपर्ने बहस सुरु भएको छ । तर त्यो बहस आजको भोलि सार्थकता पाउने स्थितिमा पुगेको छैन । यो कुनै विकल्पको बहस पनि होइन, नेतृत्वमा पुग्ने थोत्रो नारा मात्रै हो । नयाँ भनिने रास्वपाले पुरानो पार्टीको पुरानो नेताबाट देश बन्दैन भन्दै केही महिना त हुरुङ्गार फुकेको थियो । तर आफ्नै ताल उही पुरानाकै जस्तफ भएपछि त्यसको व्याख्या गरिरहनु परेन । अब कुरा गरौँ, प्रगतिशील विचार बोक्ने कम्युनिस्ट क्रान्तिकारीहरुको । नेकपा एमाले जसले आफूले आफैँलाई नेपालको धर्ती नै ऊविना नचल्ने स्वघोषणा गरेको छ । आफ्नै पार्टीको पूर्वउपाध्यक्ष र राष्ट्रपति बनेकी विद्या भण्डारीको पार्टी सदस्यता नवीकरण नगरेको विषयलाई लिएर पूरै पार्टी नै उनले कब्जा गरे जसरी अहिले एमालेमा रोइकराइ छ । पार्टी सदस्यता नवीकरण नै खारेज भएको, नवीकरण गर्न नमिल्ने बहादुरी देखाइरहेका छन् । यी सबै कुराले स्पष्ट हुन्छ कि एमाले विकल्प होइन, विकल्पविहीन विघटनको दिशामा उन्मुख छ । यस्तै अर्को कम्युनिस्ट पार्टी नेकपा माओवादी केन्द्र, जसका नेतृत्वकर्ता प्रचण्ड बिहानदेखि बेलुकासम्म आफ्नो अस्तित्व संकटको रक्षार्थ दायाँ र बायाँ, उत्तर र दक्षिण, पूर्व र पश्चिम, नयाँ र पुरानोको दैलो चहार्दा ठिक्क छन् । अब उनीबाट के आशा राख्न सकिन्छ ? आफू बाँचुन्जेल जसरी भए पनि, जसको पाउ परेर भए पनि आफ्नो निजी जीवन र आफू वरिपरिको निश्चित आसेपासे समूहको रक्षासम्म गर्न सक्छ, उसबाट विकल्पको आश गर्नु मरेको लासलाई जिउँदो बनाउँछु भन्नुजस्तै हो । अब अर्को अन्तिम विकल्पको रुपमा नयाँ राजनीतिक केन्द्र निर्माण गर्न लागिपरेका कम्युनिस्ट पार्टीको चर्चा गरौँ । नेपालमा कम्युनिस्ट पार्टीहरु दुई धारमा विभाजित छन् । विद्मान संसदीय व्यवस्थालाई नै आफ्नो मुख्य राजनीतिक मार्गचित्र मान्ने धार, जसको नेतृत्व केपी ओली, प्रचण्ड र माधव नेपालहरुले गरिरहेका छन् । त्यसको मूल चरित्रबारे माथि नै चर्चा गरियो । अर्को विद्यमान संसदीय व्यवस्थाबाट आजको समस्याको निकास र समाधान सम्भव छैन भन्ने निष्कर्ष निकाली समाजवादी यात्रामा लामबद्ध विप्लव लगायत केही साना कम्युनिस्ट पार्टीको नेतृत्व गरिरहेको धार हो । विशेषगरी यो आलेखमा चर्चा र व्याख्या गर्न खोजिएको विषयमा प्रवेश गरौँ । गत साउन ६ गते राष्ट्रिय सभागृहमा ४७ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भमा 'स्कुल अफ मार्क्सिज्म'ले आयोजना गरेको वर्तमान राजनीति र कम्युनिस्ट आन्दोलन विषयक कार्यक्रममा युवाजमातको बाक्लो उपस्थिति थियो । सम्भवत: निकै समयपछि क्रान्तिकारी युवाहरुको जोसिलो र उत्साहपूर्ण उपस्थिति भएको कार्यक्रम थियो त्यो । त्यसको कारण थियो, उक्त कार्यक्रममा वक्ताको रुपमा उपस्थित नेकपाका महासचिव विप्लव, नेकपा एकृकृत समाजवादीका महासचिव घनश्याम भुसाल र नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा । यी तीनै जना नेता आजको नेपालको कम्युनिस्ट आन्दोलनमा चर्चाको शिखरमा छन् । कार्यक्रममा पहिलो वक्ताको रुपमा बोलेका जनार्दन शर्माले आफ्नै पार्टी अध्यक्ष प्रचण्डबाट अबको माओवादी आन्दोलनको उपलब्धिको रक्षा असम्भव रहेकाले नेतृत्व युवापुस्ताले लिनुपर्ने उद्घोष गरे । दोस्रो वक्ता भुसालले पनि उही शैलीमा केपी ओलीको विचलन र विघटनको फेहरिस्तदेखि माधव नेपालको भ्रष्टाचार काण्डसम्मको व्याख्या गरे । उनले अबको निकास र नेतृत्व उनीहरुबाट असम्भव भन्दै आफू र आफ्नो पुस्ताले लिने उद्घोष गरे । अन्तिम वक्ताको रुपमा बोल्दै विप्लवले नेपालको कम्युनिस्ट आन्दोलन विघटनको दिशातिर उन्मुख रहेकाले त्यसको पुनर्गठन जरुरी रहेको बताए । कम्युनिस्ट पार्टीमा द्रुवीकरण, नयाँपुस्ता, नयाँ नेतृत्व र नयाँ केन्द्र निर्माणको आवश्यकता भएको र त्यसका लागि आफू तयार भएको उनको घोषणा थियो । यसै सन्दर्भमा विप्लव लेख्छन्- 'जसले संगठन र नेतृत्वमा नयाँ भन्छन्, तर तिनको राजनीतिक विचार, व्यवस्था, प्रणालीसम्बन्धी दृष्टिकोण पुरानो नै छ । यही व्यवस्थालाई ठिक मान्ने तर नेता मात्र फेरे पुग्छ भन्ने सोच वास्तवमा नयाँ होइन, हुन सक्दैन, पुरानै हो र हुन्छ । नयाँ पाटो यो हो, जसले विचार, व्यवस्था, नेतृत्व, व्यवहार सबै नयाँ आवश्यक ठान्छ । जे भए पनि एकदमै छलङ्ग छ जति नै विधि, नियम, मान्यताका झ्याली छाँटे र डण्डा बर्साए पनि पुराना पार्टी, नेतृत्व र केन्द्रले काम गर्नेवाला छैनन् ।

नयाँको उदय अवश्यम्भावी भइसकेको छ । नयाँको आगमनलाई सचेततापूर्वक भित्र्याउन तयार हुनैपर्छ ।' यति कुरा स्पष्ट भइसकेपछि नयाँ राजनीतिक केन्द्र निर्माणको पहलकदमी, नेतृत्व र संरचना कसरी बन्छ भन्ने विषयमा जाऔँ । नेपालको आम जनमत कम्युनिस्ट मत हो । त्यो आजका दिनमा यो भन्दा बाहिर जाने सम्भावना छैन र जान दिनु पनि हुँदैन । तर आज केही 'पपुलिस्ट' पार्टीहरुले तोडमोड गर्ने कोसिस गरिरहेको भए पनि त्यो सम्भव छैन, केही दायाँबायाँ भएको पनि आजको विद्यमान फासिस्ट, अराजक, पदलोलुप, अवसरवादी कम्युनिस्ट खोल ओढेको दानवी तत्वका कारण हो । यति भन्न सकिन्छ, नेकपाका महासचिव विप्लवले तत्कालीन माओवादीको मूल नेतृत्व प्रचण्डको पुरानो सत्तासामु आत्मसमर्पण र वर्ग विचलनता विरुद्ध विद्रोह गर्दै निरन्तर क्रान्तिको बाटो पकडिरहेका कारण उनकै पहलकदमी र नेतृत्वमा नयाँ राजनीतिक केन्द्र निर्माण हुने सम्भावना बढेको छ । तर समग्र नयाँ राजनीतिक केन्द् निर्माणको संरचना नेपालको भूराजनीतिक अन्तरसम्बन्धका कारण विप्लवबाट मात्र अलि कठिन छ, त्यो सत्यलाई हामीले लुकाउनु हुँदैन । त्यसका लागि घनश्याम भुसाल, जनार्दन शर्मा लगायत कम्युनिस्ट आन्दोलनको वर्ग संघर्षको भट्टीबाट निखारिएर स्पात भएका कैयौँ योद्धाहरुको आवश्यकता पर्नेछ । त्यो समयको माग बमोजिम पूर्ति हुँदै जानेछ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्या ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : आजको दिन सामान्य रहेको छ। व्यावसायिक यात्राको योग रहेको छ।
**वृष** : टाउको दुख्ने समस्याले सताउन सक्छ। सोचेजस्तो सहयोग नपाइएला।
**मिथुन** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। साथीसँगको भेटघाटले मन उत्साहित हुनेछ।
**कर्कट** :अरुलाई ऋन दिनबाट बच्नुहोस्। प्रभावशाली व्यक्तिसँग भेटघाट हुनेछ।
**सिंह** : शुभ खबर सुन्नाले मन हर्षित रहला। धार्मिक व्यक्तिहरूसँग भेटघाट हुनेछ।
**कन्या** : साझेदारी व्यापारमा कार्य गर्दा सतर्क रहनुहोला। खानपिनमा ध्यान दिनुहोस।
**तुला** : आटेको कार्यसम्पादन गर्न सकिनेछ। भाइबहिनीहरुमा आत्मीयता बढ्नेछ।
**वृश्चिक** : संचित धनमा वृद्धि हुनेछ। बोलिको माध्यमले कार्य सिध्द गर्न सकिनेछ।
**धनु** : भाग्यले विभिन्न परिबन्ध जुटाउने छ। अतिथिको रूपमा सम्मान पाइएला।
**मकर** : स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। मनमा स्फूर्ति र उमंगको कमी हुनेछ।
**कुम्भ** : शुभ कार्यको चर्चा हुनेछ। परिवारको सहयोगले नयाँ आश जाग्नेछ।
**मीन** : साहित्यको क्षेत्रमा चासो बढ्नेछ। दिगो कामको समय रहेको छ।





समिक्षा ● पुष्कर अथक रेग्मी

# विमलाको शीत कल्प



कविता, निबन्ध, आख्यान र नाटक साहित्यका चार विधाहरु हुन् । जसमध्ये कवितालाई सर्वप्राचीन समृद्ध विधाको रुपमा लिइन्छ । साहित्यमा कवितालाई काव्य पनि भनिन्छ । पूर्वीय साहित्यमा अग्नीपुराण र पाश्चात्य साहित्यमा अरस्तुको काव्यशास्त्रबाट नै साहित्यमा सैद्धान्तिक परम्पराको थालनी हुँदै आएको हो । कविता काव्यको सबैभन्दा सानो स्वरुपलाई लघुतम काव्य भनिन्छ ।

पूर्वीय र पाश्चात्य साहित्यको विकास र विस्तारसँगै विश्वव्यापी रुपमै उत्तर आधुनिक समयमा लघुतम काव्य अन्तर्गत विभिन्न विधा/उपविधा/प्रविधाको रुपमा नयाँ-नयाँ प्रयोग र प्रस्तुतिहरू हुँदै आएका छन् । यस्ता प्रयोग र परिकल्पनाहरू द्विपदी, त्रिपदी, चतुष्पदी, पञ्चपदी, षट्पदी र सप्तपदी सम्मका रहेका छन् । कविता - काव्य विधाको उपविधाको रूपमा ७ असार २०७८ का दिन 'शीत' को परिकल्पना भएसँगै आज चौथो वर्षको अवस्थासम्म आइपुग्दा कवयित्री विमला ढकाल 'समीक्षा' एघारौं शीत ईश्वरको रूपमा अवतरित भएकी छन । शीत काव्य समाज नेपालका अध्यक्ष कृष्ण बहादुर के.सी. प्रथम शीत ईश्वर हुन भने त्यसपछि क्रमश: इन्दिरा ज्ञवाली पौडेल, शारदा ज्ञवाली ढकाल, देशभक्त सिंह कुँवर, देवेन्द्रराज शाक्य, लव जोशी, दामोदर ढकाल 'दीपक', पुष्कर अथक रेग्मी, सत्यनारायण ढकाल, भोजभक्त कँडेल र विमला ढकाल 'समीक्षा ' शीत ईश्वरको रूपमा प्रतिष्ठापित भइसकेका छन । कवयित्री धर्मी शाक्य र शोभा आचार्य गौतम शीत साधकको रूपमा स्थापित रहेका छन । यसका साथै धेरै नै स्रष्टा, कवि कवयित्रीहरू शीतयात्रीको रूपमा रही शीतको व्यापिकरणमा लागि परेका छन । बाग्मती प्रदेश धादिङ जिल्ला निलकण्ठ नगरपालिका वडा नं. १२ निवासी माता इन्द्रकुमारी ढकाल र पिता कुलप्रसाद ढकालको सुपुत्री विमला ढकालको जन्म वि. सं.२०३९ जेठ १८ गते भएको हो । साहित्यिक एवं सामाजिक क्षेत्रमा 'समीक्षा' उपनामले परिचित विमलाले समाजशास्त्रमा एम.ए. उतीर्ण गरेकी छन । विमला कानुनी सेवाको संचालकको रूपमा रही सेवा प्रदान गर्दै आएकी विमलाजी आधुनिक कला साहित्य संस्कृति फाउन्डेसनकी महिला तथा बालबालिका विभाग संयोजक, सुखशान्ति मिडियाका कानुनी सल्लाहकार र शीत काव्य समाज बाग्मती प्रदेशकी अध्यक्ष समेत हुन । चतुष्पदीय काव्य उपविधाको रूपमा परिकल्पित शीत २ अक्षर, ४ पङ्क्ति, जम्मा ८ अक्षरीय संरचनाभित्र बाँधिएर लेखिएको हुन्छ । यो नै एउटा पूर्ण शीत हुन्छ । शीत, द्वय, त्रय, चक्र, पत्र, पुष्प, कुञ्ज, द्वीप, ब्रम्ह हुँदै कल्पसम्मको संरचनामा रहेको छ । संरचना अनुसार १००८ भन्दा बढी शीतलाई शीतकल्प भनिन्छ भने शीतकल्प कृति प्रकाशित गर्ने शीतयात्रीलाई शीत ईश्वरको पदवीद्वारा विभुषित गरिन्छ । हाम्रो यो शीतयात्रामा शीत कल्प कृति प्रकाशित गरी एघारौ शीत ईश्वरको रूपमा प्रतिष्ठापित हुनुहुने कवयित्री विमला ढकाल 'समीक्षा' को शीत काव्य सङ्ग्रह कल्प (२०८२) भित्र तीस वटा विभिन्न शीर्षकमा शीतहरू सङ्गहित रहेका छन् । सबै शीतहरू शीतका सिद्धान्त नियम सूत्रभित्र रही अर्थपूर्ण ढंगले सिर्जना भएका छन् । सङ्गहभित्रका, वर्णमाला, चरीको गीत, अंक, बालगीत, मुनुमुनु म्या, मुसा शीर्षकका शीतहरू बालउपयोगी रहेका छन् । भजन, विवाह, वृद्धावस्था, गाउँ आदि शीर्षकका शीतहरूले सामाजिक सांस्कृतिक मूल्य र मान्यतालाई झल्काएका छन् । भिषा, चेतनाको गीत, देशप्रेम, मेलम्चीको पानी शीर्षकका शीतहरूले मुलुकको अवस्थालाई चारित्रीकरण गरेका छन् । मोबाइल फोन र कलियुगे नारी पुरूष शीर्षकको शीत समसामयिक रहेका छन् । अंश लडाइँ, आमा छोरा, माया शीर्षककां शीतहरू संवादको रूपमा उपस्थित भएका छन् । जीवनकाल, कथा जस्ता शीतहरू लघु कथात्मक शैलीमा रहेका छन् भने शीत शुभारम्भ र शीतको परिभाषा शीर्षकको शीतहरूले काव्य उपविधा शीतको परिचय दिएको छ । श्रीमान शंकर प्रसाद घिमिरे प्रकाशक रहेको 'शीत कल्प' को बजार व्यवस्थापक गौरी पब्लिक रिलसन एन पब्लिकेसन काठमाडौं रहेको छ । समग्रमा भन्नुपर्दा नियम संरचनाभित्र बाँधिएर सरल भाषा शैलीमा लेखिएका शीतहरू गेयात्मक रहेका छन् । अनुप्रास मिलेका र नमिलेका दुवै प्रकारका शीतहरू सूत्रात्मक भई शब्द अर्थ र मन्त्रपूर्ण रहेका छन् ।




*शीत काव्य समाज नेपालका अध्यक्ष कृष्ण बहादुर के.सी. प्रथम शीत ईश्वर हुन भने त्यसपछि क्रमश: इन्दिरा ज्ञवाली पौडेल, शारदा ज्ञवाली ढकाल, देशभक्त सिंह कुँवर, देवेन्द्रराज शाक्य, लव जोशी, दामोदर ढकाल 'दीपक', पुष्कर अथक रेग्मी, सत्यनारायण ढकाल, भोजभक्त कँडेल र विमला ढकाल 'समीक्षा ' शीत ईश्वरको रूपमा प्रतिष्ठापित भइसकेका छन । कवयित्री धर्मी शाक्य र शोभा आचार्य गौतम शीत साधकको रूपमा स्थापित रहेका छन । यसका साथै धेरै नै स्रष्टा, कवि कवयित्रीहरू शीतयात्रीको रूपमा रही शीतको व्यापिकरणमा लागि परेका छन ।*

लघुउपविधाको रूपमा आएको शीत कृति कल्प (२०८२) नेपाली कविता साहित्यको भण्डारणमा संग्रहणीय भई चतुष्पदीय काव्यको इतिहासमा उदाहरणीय कृतिको रूपमा रहने छ । कविता लेखनको शुभारम्भ नै शीतबाट हुन्छ । शीत लेख्न सजिलो छ । अर्थ खुल्ने गरी दुई/दुई अक्षरका चार पङ्क्ति मात्र शब्द लेखिदिदा शीत बन्दछ । सिकारु, उदियमान, क्रियाशील, स्थापित एवं प्रतिष्ठापित स्रष्टा र काव्य पारखी दृष्टाहरूका लागि काव्य उपविधा शीत शोध खोज र सोंचपूर्ण भइरहेको अवस्थामा शीत ईश्वर विमला ढकाल 'समीक्षा' को शीत काव्य सङ्ग्रह कल्प ( २०८२) ले पृथक पहिचान बनाउन सफल हुने छ भन्ने विश्वास लिएको छु । कृतिगत एवं वैयक्तिक सफलताका लागि अनगिन्ती शुभकामना ! आगामी दिन शीत लगायत लघु काव्य उपविधा सिर्जनामय बनिरहोस् । शुभयात्रा !

**शीत**
**यात्री**
**कल्प**
**दात्री !**

***( रेग्मी पाल्पाका स्थापित स्रष्टा/समीक्षक एवं शीत र त्रिशूलका परिकल्पनाकार समेत हुन ।)***

निबन्ध ● खिम लामिछाने 'काजी'

# हाम्रो पुस्तकालय : हाम्रो भविष्य

पुस्तकालय कुनै नयाँ आविष्कार होइन, तर हरेक पुस्तालाई नयाँ बनाउने अद्‌भुत स्रोत हो । यो त्यस्तो स्थान हो, जहाँ ज्ञान साँचिन्छ, विचारहरूको आदानप्रदान हुन्छ, र चेतनाको उज्यालो फैलिन्छ । पुस्तकालय कुनै केवल किताब राख्ने ठाउँ मात्र होइन, यो त ज्ञानको खानी, सोचको स्रोत, र सभ्य समाज निर्माण गर्ने आधार होह जहाँ अक्षरहरू मौन हुन्छन् तर बोल्छन्, जहाँ शब्दहरू केवल पढिँदैनन्, जीवनलाई दिशा दिन्छन्, र जहाँ बच्चादेखि वृद्धसम्म सबैले सिक्ने अवसर पाउँछन् । यही कारणले "हाम्रो पुस्तकालय: हाम्रो भविष्य" भन्ने नारा केवल प्रचारको शब्द होइन, यो त पुस्तान्तरणको बाटो हो, जसले हाम्रा बालबालिकामा जिज्ञासा, युवामा क्षमता र समग्र समाजमा चेतना रोप्छ, र हामीलाई किताबप्रेमी, विचारशील र समुन्नत राष्ट्रतर्फ अघि बढाउँछ । आजको युग सूचनाको युग हो, जुन हामी सबैलाई थाह भएको कै कुरा हो । तर सूचना र ज्ञानमा ठूलो अन्तर हुन्छ । सूचना त इन्टरनेटले दिन सक्छ, तर गहिरो अध्ययन, विश्लेषण र जीवनमा परिवर्तन ल्याउने शक्ति चाहिने ज्ञान भने पुस्तकालयले दिन्छ । पुस्तकालयहरू सच्चा अर्थमा विचारको गोदाम हुन् । जहाँ केवल किताबहरू राखिंदैनन्, भविष्यका सपना पनि साँचिन्छन् ।

**पुस्तकालय: भविष्यका लागि लगानी 'हाम्रो पुस्तकालय:** हाम्रो भविष्य' नाराले एक गहिरो सन्देश दिन्छ–यदि हामीले पुस्तकालयलाई संरक्षण, प्रवर्द्धन र विस्तार गर्‍यौं भने हाम्रो भविष्यको जग बलियो हुन्छ । आज एउटा किताबको मूल्य कम लाग्न सक्छ, तर त्यो किताबबाट उत्पन्न हुने विचारको मूल्य अपार हुन्छ । पुस्तकालयहरूमा गरिएको लगानी भनेको केवल भवन निर्माण होइन, त्यो त मानव चेतनामा गरिएको लगानी हो । आजका बालबालिकालाई यदि पुस्तकालयमा आकर्षित गर्न सक्यौं भने, भोलि उनीहरू विचारशील नागरिक बन्नेछन् । तिनीहरूले लोकतन्त्र बुझ्नेछन्, वातावरणको रक्षा गर्नेछन्, विज्ञानलाई सम्मान गर्नेछन्, र समाजप्रति उत्तरदायी रहनेछन् । यो परिवर्तन केवल स्कुल वा विश्वविद्यालयबाट सम्भव छैन, त्यसमा पुस्तकालयको पनि उत्तिकै भूमिका हुन्छ । **पुस्तकालयको ऐतिहासिक र सामाजिक महत्त्व :** पुस्तकालयको इतिहास निकै पुरानो छ । ग्रीक, रोमन, भारतीय र इस्लामिक सभ्यताहरूमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपालमा पनि हाम्रो परम्परागत शिक्षा प्रणाली गुरुकुल, गुम्बा, विहार वा पाटी-पौवामा मौखिक र लिखित ज्ञान सञ्चित गर्ने कार्य पुस्तकालयकै प्रारूप थियो । आधुनिक पुस्तकालयको स्वरूप भने अहिलेको शिक्षा प्रणालीसँगै विकसित भएको हो । पुस्तकालयहरू कुनै पनि समाजको बौद्धिक स्वास्थ्यको सूचक हुन् । जहाँ पुस्तकालयहरू जीवित छन्, त्यहाँ विचारहरू मुक्त छन्, बहसहरू खुला छन्, र नागरिक सचेत छन् । पुस्तकालय एक यस्तो स्थान हो, जहाँ सबै वर्ग, जात, धर्म, लिङ्ग र उमेरका मानिसहरूलाई समान अवसर प्राप्त हुन्छ । यो समावेशिता नै पुस्तकालयको सच्चा सौन्दर्य हो । विद्यार्थी, युवा र पुस्तान्तरणमा पुस्तकालयको भूमिका वर्तमान पुस्ता, विशेषगरी बालबालिका र युवा, डिजिटल युगमा हुर्किरहेका छन् । इन्टरनेट, मोबाइल एप्स, युट्युब, च्याटजीपीटी जस्ता उपकरणहरूले सिकाइलाई सहज बनाएका छन्, तर ती सबैले पुस्तकालयको ठाउँ लिन सक्दैनन् । पुस्तकालयमा केवल सामग्री पढिँदैनह त्यहाँ अनुशासन, गम्भीरता, मौनता र सोच्ने वातावरण प्राप्त हुन्छ । एक विद्यार्थीका लागि पुस्तकालय त्यस्तो आँगन हो, जहाँ उसले पाठ्यपुस्तकबाहेक अरू विश्व पनि चिन्छ । ऊ साहित्य पढ्छ, इतिहास बुझ्छ, विज्ञानमा खोज गर्छ, र समाजशास्त्रमा प्रश्न उठाउँछ । पुस्तकालयले उसको आत्मबल, अभिव्यक्ति र विश्लेषण क्षमतालाई विस्तार गर्छ । यदि आज हामी बालक, युवा, सबै तह तप्काका व्यक्तिहरूलाई पुस्तकालयप्रति प्रेम पैदा गर्न सक्यौं भने सबै क्षेत्रमा नेतृत्व लिनेहरू विवेकी, जिम्मेवार र दूरदर्शी बन्न सक्छन् ।

**पुस्तकालय र प्रविधिको सहयात्रा**
आजको युग सूचना प्रविधिको युग हो । पुस्तकालय पनि यो परिवर्तनसँग कदम मिलाउँदै अघि बढिरहेको अवस्था छ । डिजिटल पुस्तकालय, ई-बुक्स, अडियो पुस्तक, अनलाइन जर्नलहरू, र डेटाबेसहरू पुस्तकालय सेवाको नयाँ आयाम हुन् । नेपालमा पनि केही पुस्तकालयहरूले धेरै पहिले देखी अनलाइन सेवा शुरू गरिरहेका छन्, तर यो यात्रा अझ धेरै टाढा जानु आवश्यक छ । सहुलियत दिन सक्छ, तर भौतिक पुस्तकालयमा जुन अनुभूति पाइन्छ, अध्ययनको आत्मीय वातावरण हुन्छ, त्यो लेभलको अनुभव र अनुभूति डिजिटल पुस्तकालयले दिन भने सक्दैन । यद्यपि डिजिटल पुस्तकालयले समयको माग हो । जति छिटो समयमा डिजिटल पुस्तकालयले सूचना उपलब्ध गराउन सक्छ, त्यही रृतार भौतिक पुस्तकालयले भने दिन सक्दैन । त्यसैले दुवैको सहअस्तित्व आवश्यक छ । प्रविधि र परम्पराको सन्तुलित संयोजन ।

**समुदाय र नागरिक शिक्षामा पुस्तकालय :** पुस्तकालय केवल शैक्षिक संस्था होइन । यो सामुदायिक जागरणको केन्द्र हो । यहाँ वाचन कार्यक्रम, छलफल, कार्यशाला, बाल विकास कार्यक्रम, महिला सशक्तीकरण, वृद्ध नागरिक शिक्षाजस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस्ता क्रियाकलापले पुस्तकालयलाई समुदायको जीवन्त केन्द्र बनाउँछ । त्यस्तै, ग्रामीण क्षेत्रका पुस्तकालयहरूले अझै पनि पाठ्यपुस्तकको पहुँच नपाएका विद्यार्थीलाई उज्यालो प्रदान गर्न सक्छन् । गाउँमा किताब पुग्दा सोच बदलिन्छ, अभिभावकको दृष्टिकोण बदलिन्छ । साना पुस्तकालयहरू गाउँका बुद्धिजीवी उत्पादन केन्द्र बन्न सक्छन्, यदि नीति निर्माताले त्यसलाई प्राथमिकता दिएको खण्डमा । तर हाम्रो देशको नीति निर्माताहरूले पुस्तकालयलाई कहिल्यै प्राथमिकतामा राखेको पाईदैन । यद्यपि हरेको पार्टीको चुनावी घोषणा पत्रमा भने पुस्तकालय निर्माण भन्ने शब्द भने छुटेको हुँदैन । वर्तमान अवस्था हालका पुस्तकालयहरूलाई सिर्फ पुस्तक राख्ने भण्डारण केन्द्रको रूपमा परिणत भएको महसूस हुँदैछ । पुस्तकालयहरू पुस्तक पढ्ने पाठक समक्ष पुस्तक आदान-प्रदान गर्ने मात्र होइन समाज केन्द्रित लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्ने ठाउँको रूपमा विकास गरिँदै लगिनु पर्दछ । समयअनुसार पुस्तकालयको ढाँचा, स्वरूप र कार्य प्रणालीमा परिवर्तन आउन जरूरी देखिन्छ । उदाहरणको लागि २००७ साल भन्दा अगाडि खोलिएका वाचनालय वा पुस्तकालयहरूमा प्रजातन्त्र ल्याउनको लागि जनचेतना जगाउने कार्यमा बढी उपयोगी हुन्थे । अहिले अस्तित्वमा रहेका सबै पुस्तकालयहरू धेरै जसो उपन्यास पढ्न, पत्रपत्रिका पढ्नको लागि प्रयोगमा आइरहेका छन् । त्यसो त खोज तथा अनुसन्धानमा पनि पुस्तकालयको प्रयोग भइरहेको छ तर नगण्य रूपमा । यदि पुस्तकालयले समाजसँग सम्बन्धित विभिन्न कार्यहरू जस्तै: सम्भव गतिविधिहरू (हरेक महफनामा गर्न सकिने) पठन प्रतियोगिता, कथाकविता वाचन, बाल चित्रकला/लेखन, ज्ञानमूलक चलचित्र प्रदर्शन, डिजिटल लिटरेसी वर्कशप, एआइ, आइसीटी परिचय कार्यक्रम, स्थानीय लेखक भेला, नयाँ पुस्तक प्रदर्शन, पुस्तक दान कार्यक्रम, स्वास्थ्य, वातावरण वा अधिकार विषयक छलफल आदी जस्ता कार्यक्रमहरू गर्दै गएमा पुस्तकालयमा पाठकहरूलाई आज बढी आकर्षित गर्न सकिन्छ । पोखरामा रहेको पोखरा सार्वजनिक पुस्तकालयले बर्सेनी यस्ता थुप्रै कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ ।

**ग्रामीण क्षेत्रमा परिवर्तनको सम्वाहक :** विशेषगरी ग्रामीण क्षेत्रमा पुस्तकालयले डिजिटल पहुँच ल्याउन सक्छ, महिला र समुदाय सशक्त बनाउन सक्छ, स्वास्थ्य, शिक्षा र आत्मनिर्भरता बढाउन योगदान पुर्‍याउँछ । पुस्तकालयको माध्यमबाट ग्रामीण क्षेत्रहरूमा एआई प्रविधिको विस्तार र उपयोग गरी त्यहाँका जनताको शिक्षा, कृषि, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन मद्दत मिल्दछ । एउटा पुस्तकालयले पूरै गाउँको विकासमा योगदान दिन सक्दछ । उदाहरणका लागि २०५९ सालमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा संगम सामुदायिक पुस्तकालय स्थापना भएको थियो । २०१० तिर यसको अवस्था झन बिग्रियो र बन्द हुन लागेको थियो, तर नेपाल लाइब्रेरी फाउन्डेशन (एनएलएफ) र स्थानीय नेतृत्वको प्रयासले २०१७ मा यसलाई पुनर्जीवित गरायो । त्यसपछि पारम्परिक पुस्तकालय सेवासँगै महिला कम्प्युटर साक्षरता कक्षा, ई-पुस्तकालय, डिजिटल पुस्तकालय, इन्टरनेट सेवा जस्ता सुविधाहरू थपियो । बिस्तारै समुदायसँग सहकार्य गर्दै स्थानीय आर्थिक सहकारी संस्था, सामाजिक सुधार केन्द्र पनि सञ्चालनमा ल्याइएको छ जसले समुदायसँग पुस्तकालयको सम्बन्ध अझ प्रगाढ बन्दै गएको छ । हाल यस पुस्तकालयले ५०,००० भन्दा बढी स्थानीय बासिन्दालाई सेवा पुर्‍याएको छ भने यो समग्र समुदायको स्रोत केन्द्र बन्न पुगेको छ । महिला सशक्तीकरण कार्यक्रम, कम्प्युटर तालिम, डिजिटल पहुँच र सामाजिक एकता पहलले स्थानीय जीवनस्तरमा सकारात्मक प्रभाव पुर्‍याएको छ । त्यैसैगरी रिड नेपालले स्थापना गरेको जुवानी कम्युनिटी पुस्तकालय, चितवनमा रहेको पुस्तकालयले स्थानीय महिलाहरूलाई सशक्त बनाउन, प्रशिक्षण, र सुरक्षित मातृत्व सेवा सन्देश प्रवाह गर्न प्रभावशाली कार्यक्रम सञ्चालन गरेको छ । यसैले पुस्तकालय केवल किताबको कोठा होइन, यो परिवर्तन ल्याउने एक सामाजिक शक्ति हो । पुस्तकालय दिवस विशेष दिन हो । यसले हामीलाई पुस्तकालयको महत्त्व सम्झाउँछ । तर ज्ञान, अध्ययन, र चेतनाको विकास भने वर्षमा एक दिनमा मात्र सीमित हुन सक्दैन । ज्ञान त दैनिक अभ्यास हो, त्यसैले पुस्तकालयसँगको सम्बन्ध पनि निरन्तर र जीवन्त हुनुपर्छ । 'पुस्तकालय दिवस' एक प्रेरणा हो, तर यदि हामीले हाम्रो जीवनलाई पुस्तकालय-मैत्री बनायौं भने त्यो प्रेरणा सिर्जनामा रूपान्तरण हुन्छ । पुस्तकालय जीवन्त हुँदा समाज बौद्धिक रूपमा सशक्त बन्छ ।

***-साहित्यपोस्ट डटकम***

# किसानका समस्याप्रति गम्भीर बन्न सांसदको आग्रह



**पाल्पा,** भदौ १८/किसानका समस्याप्रति गम्भीर बन्न सांसदहरुले सरकारलाई आग्रह गरेका छन् । बुधबारको प्रतिनिधिसभाको बैठकमा बोल्ने अधिकांस सांसदहरूले किसानका समस्या समाधान गर्नतर्फ सरकार गम्भीर बन्नुपर्ने बताएका हुन् ।

उनीहरुले देशको ठूलो अर्थतन्त्रको हिस्सा किसानले नै धान्दै आएको भन्दै सरकार नै उनीहरुको समस्याप्रति गम्भीर नहुनु दुखद् भएको बताएका छन् । किसनाले समयमा मल नपाउनु, भुक्तानी नपाउनु, पाउँदै आएको अनुदान समेत कटौती गर्नु, उत्पादन भएका वस्तुले उचित बजार नपाउनु जस्ता समस्या भोग्नु परेकाले तत्काल समाधानतर्फ सरकारले कदम चाल्नुपर्नेमा जोड दिए । सांसद ड. अमरेशकुमार सिंहले उखु किसानका समस्या समाधानमा सरकारले चासो नदिएको भन्दै आपत्ति जनाए । "सरकारले न मल उपलब्ध गराएको छ, न अनुदान । किसानले उचित मूल्य पाउन सकेका छैनन् । आज दुग्ध र उखु किसान सडकमा छन्", उनले भने, "किसानले उत्पादन गरेका वस्तुको उचित मूल्य निर्धारण गरी प्रोत्साहनको वातावरण बनाउनुपर्छ ।" सांसद विनोद चौधरीले उखु किसानलाई दिइँदै आएको अनुदान कटौती नगर्न सरकारलाई सचेत गराएका छन् । उनले उखु किसानको अधिकार र उचित मूल्य सुनिश्चित गर्न सरकारसँग जोडदार माग गरे । सरकारले उखु किसानलाई उपलब्ध गराउँदै आएको अनुदान प्रति किविन्टल ७० रुपैयाँलाई आधाले कटौती गरेपछि उखु किसान सरकार विरुद्ध आन्दोलित छन् । उखु किसानको बाहुल्य रहेको पश्चिम नवलपरासीबाट निर्वाचित सांसद चौधरीले सरकारको उक्त कदमको विरोध गर्दै आफूलाई उखु किसानको पक्षमा दृढतापूर्वक उभ्याएका छन् । सांसद चौधरीले सरकारले दिँदै आएको अनुदान कुनै पनि बहानामा कटौती गर्न नपाइने भन्दै संसद्मा बुलन्द आवाज उठाएका हुन् । "कृषि हाम्रो अर्थतन्त्रको मेरुदण्ड हो, र त्यसैको महत्त्वपूर्ण हिस्सा उखु उत्पादन हो," चौधरीले भने, "तर, विगत लामो समयदेखि किसानहरू आफ्नो उत्पादनको उचित मूल्य नपाई निराश हुँदै आएका छन् । यो नेपालको कृषि क्षेत्र र समग्र अर्थतन्त्रको लागि राम्रो सङ्केत हैन । " सांसद गङ्गाराम चौधरीले उखु उत्पादन गर्ने र दूध उत्पादन गर्ने किसानहरू पीडित रहेका बताउँदै आन्दोलनरत किसानका जायज माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराए । समयमा मल नपाउँदा किसानहरू पीडित भएका छन् । "किसानको धान खाद्य संस्थानबाट किनियोस्", उनले भने, "किसानलाई थप आन्दोलन गर्न बाध्य नबनाइयोस् ।" सांसद रामप्रकाश चौधरीले सै तथा प्रदेशले मधेसलाई विपद् सङ्कटग्रस्त क्षेत्र र प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि जनताले केही पाउन नसकेका भन्दै आपत्ति जनाए ।"मधेसका जिल्लाहरूमा यस वर्ष पर्याप्त मात्रामा वर्षा हुन नसक्दा धान उत्पादनसमेत घट्ने देखिन्छ । किसानले ट्युबवेल प्रयोग गर्दा विद्युत् खपत बढेको छ । असार, साउन र भदौमा किसानले प्रयोग गरेको विद्युत्को बिल मिनाहा गरिदिनुपर्छ", उनले भने, "सगरमाथा वन परियोजनाका अवकाशप्राप्त कर्मचारीले उपदानको रकम पाउन सकेका छैनन् । तीन जनाको मृत्यु नै भइसकेको छ । तत्काल ती पीडितको रकम भुक्तानी गरिदिन माग गर्दछु ।"सांसद चौधरीले काठमाडौँ महानगरपालिकाले कवाड व्यवसायीलाई अनावश्यक दु:ख दिएपछि उनीहरू आन्दोलनरत रहेको भन्दै कुनै पनि व्यावसाय गर्नेलाई सम्मानपूर्वक काम गर्ने वातावरण बनाइदिनुपर्नेमा जोड दिए । सांसद प्रेम सुवालले भारत सरकारले लिपुलेकबाट चीनमा व्यापार गरेमा नेपालले राजस्व उठाउनुपर्ने बताए । "लिपुलेक नेपालकै हो भन्ने विभिन्न प्रमाण हामीसँग भएकाले नेपालले नै राजस्व उठाउनुपर्छ", उनले भने । भूमिगत पानीको प्रयोग बढ्दा उपत्यकाका जमिन भासिन सक्ने भन्दै समयमा नै यसलाई व्यवस्थापन गर्न आवश्यक रहेका उनले जोड दिए । सांसद शान्ति विकले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको समस्या समाधान गर्नुपर्ने, अवैधानिक बाटोबाट भिजिट भिसामा जाने र दु:ख पाउने गरेको भन्दै यस विषयमा गृहमन्त्रालय सचेत रहनुपर्नेमा जोड दिइन् ।

खेलकुद समाचार

## भारतले प्रायोजक विना नै एशिया कप खेल्ने




**काठमाडौं,** भदौ १८/गएको महिना 'ड्रिम-एलेभन' ले भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बीसीसीआई) सँगको सम्झौता समाप्त गरेपछि भारतले आउँदो एशिया कप प्रमुख प्रायोजक विना नै खेल्ने सम्भावना छ । 'ड्रिम-एलेभन' सम्झौताबाट बाहिरिएपछि बीसीसीआईले सेप्टेम्बर २ देखि नयाँ प्रायोजक खोज्न थालेको छ । कुनै पनि इच्छुक कम्पनीले 'एक्सप्रेसन अफ इन्ट्रेस्ट' अर्थात् आशयपत्र किन्नका लागि अन्तिम मिति आउँदो सेप्टेम्बर १२ तोकिएको छ । इच्छुक कम्पनीहरूले बोलपत्र बुझाउने अन्तिम मिति सेप्टेम्बर १६ हो । एशिया कप यही सेप्टेम्बर ९ देखि २८ सम्म संयुक्त अरब इमिरेट्स (यूएई) मा आयोजना हुँदैछ । भारत सरकारले अनलाइन गेमिङको प्रवर्द्धन र नियमन विधेयक २०२५ पारित भएसँगै 'ड्रिम-एलेभन' र बीसीसीआईबीचको प्रायोजन सम्झौता रद्द भएको हो । आठ वटा टोली सहभागी प्रतियोगिताको समूह 'ए' मा भारत, पाकिस्तान, ओमान र यूएई छन् । यस्तै समूह 'बी' मा अफगानिस्तान, बङ्गलादेश, श्रीलङ्का र हङकङ छन् ।

अर्थ/कर्पोरेट समाचार

## नेप्से १५ अङ्कले घट्यो



**पाल्पा,** भदौ १८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १५ दशमलव ६४ अङ्कले घटेर दुई हजार ७२६ दशमलव ३३ को विन्दुमा कायम भएको छ । बुधबार ३२६ कम्पनीको एक करोड १३ लाख ४५ हजार ९९४ कित्ता शेयर ६८ हजार ५९४ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु चार अर्ब ७२ करोड ८० लाख ५२ हजार ८६० मा खुम्चिएको हो ।

बुधबारको कारोबारमा म्युचुअल फण्ड शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव शून्य सात प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ५५, विकास बैंक शून्य दशमलव ८५, वित्त शून्य दशमलव ७६, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् शून्य दशमलव ९३, लगानी शून्य दशमलव ५४ र जीवन बिमा शून्य दशमलव ५६ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४०, लघुवित्त शून्य दशमलव ६९, निर्जीवन बिमा शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ । हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको रु ३३ करोड ८० लाख २२ हजार ५२४ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा बढी लिबर्टी इनर्जी कम्पनी लिमिटेडको १२ लाख ११ हजार ६६ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# जब विद्यार्थीले...

...करिब आधा घण्टापछि एक पौवामा अपहरणमा परेका भनिएका छात्र भेटिए । प्रहरी, विद्यालय र स्थानीयलाई अबको चुनौती अपहरणकारी खोज्नु थियो । बालक अपरहणमा परेको सूचना छिनभरमै राष्ट्रियस्तरमा मिडियमा फैलियो । पहाडी इलाकामा विद्यार्थी अपहरणमा पर्नु निकै दुर्लभ घटना मानिन्छ । अपहरणकारी खोज्नका लागि इलाका प्रहरी कार्यालय पुर्कोट दह, प्रहरी चौकी धुर्कोट वस्तु, प्रहरी चौकी बर्बोट, प्रहरी चौकी मर्भुङलगायत ठाउँका छ समूहमा २० जना प्रहरी खटिए । त्यसैगरी विद्यालयका सबै शिक्षक, कक्षा ९ देखि १२ सम्मका करिब १५० जना छात्रहरू, स्थानीय, पालिकाका कर्मचारी गरी करिब ३०० भन्दा बढी नागरिक अपरहरणकारी खोजनका लागि परिचालन भए । घटनाका विषयमा बुझ्नका लागि प्रहरी र शिक्षकले विद्यार्थीलाई छुट्टाछुट्टै सोधखोज गरिरहेका थिए । आठैजना विद्यार्थीले घटनाका विषयमा फरक-फरक तर्क गरेपछि प्रहरीलाई घटनाका विषयमा शङ्का लाग्न थाल्यो । पछि बुझ्दै जाँदा विद्यार्थीले गृहकार्य नगरेका कारण अपहरणमा परेको बाहाना बनाएको खुलासा भयो । "पहिले बालक पत्ता लगाउन र त्यसपछि अपहरणकारी पत्ता लगाउनुपर्ने दबाब आयो", जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी गङ्गा सारुले भने, "साना बालबालिकाले यसरी बहाना बनाउलान् भन्ने सोच नै आएन ।" उनले पत्रकार प्रेम सुनारबाट घटनाको जानकारी आएपछि जिल्लाभित्र र छिमेकी जिल्लाका प्रहरीमा समन्वय गरेको बताए । विद्यालयका प्रधानाध्यापक मदन कुँवर क्षेत्रीले घटनाबारे विज्ञप्ति निकालेर गृहकार्य नगरेका कारण विद्यार्थीले बहाना बनाएको बताए । "सुरुमा सबैलाई डर भयो, दिनभर पढाइ पनि भएन", उनले भने ।

प्रधानाध्यापक क्षेत्रीले भनभनेबाट आठ जना विद्यार्थी पुर्कोट दहमा पढ्न आउने र उनीहरूमध्ये कक्षा ५ मा पढ्ने छात्रा आयुष्मा ताम्राकारले अपहरणको योजना बनाएको बताए । उनीहरूको योजनाबद्ध रूपमा अपहरणको बहाना बनाएको थाहा पाएपछि विद्यार्थीलाई विद्यालय, प्रहरी, गाउँपालिका र स्थानीयको रोहवरमा अभिभावकको जिम्मा लगाइएको छ । बुधबारदेखि विद्यालयमा नियमित पढाइ सञ्चालन भएको विद्यालयले जनाएको छ ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

**डिप्लोमा प्रमाणपत्र तह सामान्य चिकित्सा (H.A) कार्यक्रमको पूर्ण शुल्कीय तर्फको रिक्त सिटमा भर्नाको लागि निवेदन दिने बारे अत्यन्त जरुरी सूचना**

**मिति : २०८२/०५/१८**

प्राविधि शिक्षा तथा व्यावसायिक तालिम परीषद्, लुम्बिनी प्रदेशद्धारा शैक्षिक सत्र २०८२/८३ को लागि मिति २०८२/०५/०६ गते सामान्य चिकित्सा **H.A** कार्यक्रमको प्रकाशित नतिजा अनुसार मिति २०८२/०५/१७ गते सम्म मुख्य उम्मेदवारहरु भर्ना हुने समय दिएकोमा उक्त समयभित्र भर्ना नभई तपसिल बमोजिम सिट रिक्त हुन आएको हुँदा **CTEVT** को कुनै पनि स्वास्थ्य कार्यक्रमको प्रवेश परीक्षा उतीर्ण भएका विद्यार्थीहरुले सम्पूर्ण आवश्यक कागजातहरु र **Noobjection letter** सहित यस इन्स्टिच्युटमा मिति २०८२/०५/२२ गते भित्र रितपूर्वक निवेदन दिनुहुन सम्बन्धित सबै बिद्यार्थीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.सं | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | सामान्य चिकित्सा (H.A) | पूर्ण शुल्कीय | ७ |

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई